आज मिति २०८१।१०।०७ गते सोमबारका दिन यस खोटेहाङ गाउँपालिकाको १५३ औं कार्यापालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८१ माघ ०७ गते कार्यपालिकाको १५३ औं बैठकको प्रस्तावहरु

१) विगतको कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमाम
२) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा
३) कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा
४) विविध

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिकाको मिति २०८१।०९।१२ गतेको बैठकबाट खोटेहाङ गाउँपालिका र इलाका प्रशासन कार्यालय, खोटाङबजारसँगको समन्वयमा वडास्तरमा सामाजिक सुरक्षा भत्तालाई बायोमेट्रिक प्रणालीसँग आवद्व गराउन नागरिकता अध्यावधिक साथै राष्ट्रिय परिचयपत्र तयार गर्ने कार्यको निम्ती घुम्ती शिविर संचालन गर्ने निर्णय गरि वडा नं. १, २ र ३ मा शिविर समेत संचालन गरिसकेकोमा उक्त शिविर संचालन गर्ने क्रममा केही समन्वयात्मक र प्राविधिक कमिकमजोरी देखिएकोले प्रभावकारी रुपमा सेवा प्रवाह गर्न नसकिएको हुँदा आगामी दिनमा संचालन गरिने उक्त घुम्ती शिविर कार्यक्रममा गाउँपालिका, सम्बन्धित वडा र इलाका प्रशासन कार्यालयको समन्वयलाई थप प्रभावकारी बनाइ सेवाग्राहीमैत्री वातावरणमा सहज र सरल तवरबाट सेवा प्रदान गर्ने भन्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाले तयार गर्न लागेको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरुबाट ढुंगा, गिट्टी, बालुवा तथा मिस्कटजन्य वस्तु संकलन गर्दा त्यसले प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणाली बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्ने कार्यको लागि खोटेहाङ गाउँपालिकाका सम्पूर्ण वडाका वडाध्यक्ष लगायत जनप्रतिनिधिज्यूहरुलाई जानकारी गराउने कार्य गर्नुका साथै सम्बन्धित वडाहरुबाट राय सुझाव लिने कार्य समेत अगाडी बढाउने भनि सर्वसम्मतबाट निर्णय गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिका र अन्तर्गतका विभिन्न निकायहरुमा कार्यरत विभिन्न सेवा, समूह र तहका सम्पूर्ण करार सेवाका कर्मचारीहरुको करार म्याद यही मिति २०८१।०९।२९ गतेबाट सकिएको हुँदा देहाय बमोजिमको कर्मचारी बाहेकको करार म्याद मिति २०८१।१०।१ गतेदेखि लागू हुने गरी मिति २०८२ असार मसान्तसम्म खोटेहाङ गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा १०.३ बमोजिम ६ महिनाको लागि थप गर्ने निर्णय सर्वसम्मते पारित गरियो।

**तपसिल**

| क्र.सं. | कर्मचारीको नाम थर | सेवा/समूह | पद/तह | कैफियत |
|---|---|---|---|---|
| १ | सरिता शाह | स्वास्थ्य/हे.इ. | अ.हे.व./चौथो | म्याद थप नगर्ने |

**निर्णय नं.४:** प्रस्ताव नं. ४ को विविध सम्बन्धमा कुनै विषय छलफल गर्नु नपर्ने भएकोले आजको बैठक समापन गरियो।